सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०७७।०७८
चलानी नं :

# रासायनिक मलखाद कारोबारको लागि सूचिकृत हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०८/१२

प्रस्तुत बिषयमा नेपाल सरकारद्वारा मिति २०७७/०५/०१ गते जारी अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम नेपाल सरकारबाट लागत सहभागिताका आधारमा उपलब्ध हुने रासायनिक मलखाद गाउँपालिका क्षेत्र भित्रका कृषकहरुलाई तोकिएको मापदण्ड अनुसार अनुदानमा विक्रि वितरण गर्ने कृषि सहकारी फर्म वा कम्पनी तथा यस गाउँपालिका कार्यक्षेत्र भित्र अनुदानमा मलको कारोबार गर्न इच्छुक कृषि सहकारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातका प्रतिलिपी सहित यस कार्यालयमा आवेदन दिनुहुन सूचित गरिन्छ । तोकिए बमोजिम रित पूरा नभएका आवेदन उपर कुनै कारवाहि नहुने व्यहोरा समेत जानकारीका लागि सू-सूचित गरिन्छ ।

..........
अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१. सूचिकृत हुने निवेदन पत्र
२. सञ्चालक समितिको निर्णय प्रतिलिपी
३. सहकारी संस्था फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. स्थाई लेखा नं. दर्ता तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
६. विगत २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी (पूरानो सहकारी, फर्म वा कम्पनीको हकमा)
७. सहकारी संस्थाको विधानको प्रतिलिपी
८. विगतमा कारोबार गरिरहेका सहकारी संस्थाको हकमा मलखादको कारोबार विवरण अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण
९. भौतिक पूर्वाधारहरु जस्तै : नापतौल गर्ने मेसिन, गोदाम घर, सूचना प्रविधि आदिको विवरण ।